मिति : २०७२।०९।३०

# गढीमाई नगरपालिका जितपुर, बाराको नीति, बजेट तथा कार्यक्रम

बारा जिल्लाका ५ वटा गाविसहरु पिपरा सिमरा, भवानिपुर जितपुर, छातापिपरा, फत्तेपुर र डुमरवाना गाविसहरु मिली बनेको यस गढीमाई नगरपालिकाको गरिमामय तेश्रो नगर परिषद् को उद्घाटन सत्रका प्रमुख अतिथि माननीय संघिय मामिला तथा स्थानिय बिकास सहायक मन्त्री श्री बिराज बहादुर बिष्टज्यू, माननिय सांसदज्यूहरु, विशेष अतिथि ज्यू तथा अन्य अतिथि ज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, पत्रकार ज्यूहरु, अन्य उपस्थित सबै आमन्त्रित अतिथि ज्यूहरु लगायत समस्त नगरबासीहरुमा सर्वप्रथम गढिमाई नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्दछु ।

ऐतिहासिक, धार्मिक, भौगोलिक, राजनैतिक आदि विविध दृष्टिकोणले महत्व राख्ने यस नगरपालिकाको तेश्रो नगर परिषद्मा नगरपालिकाको आमन्त्रणलाई स्वीकार गरी थप हौसला, उर्जा एवम् मार्ग निर्देशन प्रदान गर्न पाल्नुहुने प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, विशेष अतिथि ज्यू तथा अन्य अतिथि ज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, पत्रकार ज्यूहरु, अन्य उपस्थित सबै आमन्त्रित अतिथि ज्यूहरुमा हार्दिक कृतज्ञता जाहेर गर्दै यस पावन अवसरमा लोकतन्त्र स्थापनाका लागि भएका बिभिन्न आन्दोलन, सशस्त्र आन्दोलन, मधेस आन्दोलन र संस्थागत विकासका खातिर भएका विभिन्न घटनाक्रममा प्राण उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात विर शहिदहरुप्रति भावपूर्ण श्रदासुमन अर्पण गर्दछु ।

जनसंख्याको आकारलाई हेर्ने हो भने नेपालका नगरपलिकाहरु मध्येको ठूलो यस न.पा. मा विकासका संभावनाका साथै चुनौतीहरु पनि रहेका छन् । सीमित स्रोत साधनको उपलब्धता तथा असीमित चाहना र आवश्यकताका बीच तालमेल गराउदै नगरपालिका घोषणा हुँदा नागरिकहरुमा रहेको उत्साह र आकाँक्षालाई पूर्ण रुपमा सम्बोधन गर्न नसकिएको भएता पनि नगरपालिका भएको महसुस हुने गरी विकासका आधारहरुलाई यो परिषद्ले जग बसाउने आशा र विश्वास लिएको छु ।

आगामी आ.व. २०७३।०७४ को नगर विकास योजना तर्जुमा गर्ने शिलशीलामा बस्ती स्तरीय माग संलकन, वडा भेला, वडा नागरिक मञ्चहरु बाट माग संकलन र प्राथमिकीकरण, राजनैतिक दलहरुको औपचारिक अनौपचारिक परामर्श तथा सक्रिय एवं रचनात्मक सहभागिता, एकीकृत योजना तर्जुमा समितिको बैठक, नगरपालिका बोर्ड बैठक हुँदै परिषद् सम्पन्न गर्न आई पुगिएकोले बस्ती स्तर, वडा स्तर र नगर स्तरका आवश्यकता र चाहनालाई यस नगर परिषद्को निर्णयले सम्बोधन गर्ने अपेक्षा लिएको छु ।

आजको निर्वाचित जनप्रतिनिधि नभएको अवस्था र नागरिकहरुमा स्थानीय निकाय प्रतिको गुम्न लागेको जनबिश्वास एवम् मूल्यमान्यताको पुनः स्थापना गर्नुपर्ने चुनौतिलाई महशुस गरी राजनीतिक दल, नागरिक समाज, बुद्धिजीविहरुको सुझाव, सल्लाह र परामर्श लिनुका साथै स्थानीय स्वायत्त साशन ऐन

२०५५, नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ नगरपालिका संचालन निर्देशिका, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यबिधि तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट विभिन्न समयमा प्राप्त भएका नीति निर्देशनको अधिनमा रही यो नीति तथा कार्यक्रम तयार गरी पेश गरेको छु ।

## मानिनय प्रमुख अतिथिज्यू तथा अन्य अतिथिज्यू

अब म आ.व. २०७१।७२ को यर्थाथ आय र व्यय, चालु आ.व. २०७२।७३ को संशोधित अनुमान र आगामी आ.व. २०७३।७४ को अनुमानित आय र व्यय प्रस्तुत गर्न चाहन्छु ।

आ.व. २०७१।७२ मा चालु अनुदान रु. ४९,९०,०००।००, सा.सु. भत्ता रु. १,२६,६४,४००।००, एल.जि.सि.डि.पी. चालु रु. ४५,९७,५००।००, पूँजिगत अनुदान रु. ५,१०,७६,०००।००, आन्तरीक आय र राजस्व बाँडफाड तर्फ रु. १,७६,४१,४७५।९४ गरी रु. ९,०६,६९,३७५।९४, आय र खर्च तर्फ चालु रु. ८५,३०,३०२।९१, सा.सु. भत्ता रु. १,२३,६४,४००।०० र पुजिगत तर्फ रु ५,७०,११,५०८।२५ गरी जम्मा रु ७,७९,०६,२११।१६ खर्च भयो ।

आ.व. २०७२।७३ मा नगरपालिका चालु अनुदान तर्फ रु. ४१,००,०००।००, नगरपालिका पुँजिगत अनुदान तर्फ रु. ३,२६,००,०००।००, स्थानिय बिकास शुल्क तर्फ रु. ८७,४३,०००।००, एल.जि.सि.डि.पी. चालु तर्फ रु. १८,५०,०००।००, आन्तरीक राजश्व तर्फ रु १,००,००,०००।००, राजश्व बाँडफाड तर्फ रु. ५०,००,०००।०० र सा.सु. भत्ता तर्फ रु २,५६,९४,२८०।०० गरी कुल आय रु ८,७९,८७,२८०।०० हुने संशोधित अनुमान गरीएको छ । जसमध्ये चालु खर्च तर्फ रु १,३९,६१,०००।००, सा.सु. भत्ता तर्फ रु २,५६,९४,२८०।०० र पूँजिगत तर्फ रु ४,८३,३२,०००।०० खर्च हुने गरी संशोधित अनुमान गरीएको छ ।

आ.व. २०७३।७४ मा नगरपालिका चालु अनुदान तर्फ रु. ४१,००,०००।००, स्थानिय बिकास शुल्क रु. ८७,१७,०००।००, लागत सहभागीता कार्यक्रम तर्फ रु. १,००,००,०००।००, निर्शत पूँजिगत अनुदान तर्फ रु. ३,२६,००,०००।००, सा.सु. भत्ता तर्फ रु. २,५६,९४,२८०।००, आन्तरीक आय तर्फ रु. १,००,००,०००।०० र राजश्व

बाँडफाड तर्फ रु. १,००,००,०००।०० गरी कुल रु. ९,७४,२१,२८०।०० आय हुने अनुमान गरीएको छ भने खर्च तर्फ चालु तर्फ रु १,९२,०४,०००।००, सा.सु. भत्ता तर्फ रु. २,५६,९४,२८०।००, सरसफाई तर्फ रु. ३६,००,०००।०० र पूँजिगत तर्फ रु ४,८९,२३,०००।०० खर्च हुने अनुमान गरिएको छ ।

माननीय प्रमुख अतिथिज्यू तथा अन्य अतिथिज्यू,
अब म नगरपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## १) भौतिक पुर्वाधार तथा बस्ती बिकास सम्बन्धि निति

क) निर्माण भएका अधुरा योजना तथा पुर्वाधारलाई प्राथमिकता दिई निरन्तरता दिईने नीति लिईनेछ ।

ख) योजनाहरु छनौट गर्दा बढि भन्दा बढि जनताले लाभ लिन सक्ने ठुला भौतिक पुर्वाधारलाई उच्च प्राथमिकता दिईनेछ । यसको लागी रु. २,०००,००,००।०० (अक्षरुपी रु. दुई करोड) बिनियोजन गरेको छु ।

ग) यस नगर क्षेत्रमा व्यवस्थित बसपार्क निर्माण कार्यको लागी बिस्तृत सम्भाव्यता अध्ययन गरी आवश्यक कार्यहरु अगाडी बढाउनका लागी रु. १०,००,०००।०० (अक्षरुपी रु. दश लाख) बिनियोजन गरेको छु । साथै केन्द्रिय स्तरबाट आवश्यक बजेटका लागि बिशेष पहल गरिनेछ ।

घ) निर्माणाधिन नगरपालिकाको भवन निर्माण कार्यको लागी नेपाल सरकार तथा आवश्यकता अनुसार आन्तरीक स्रोत बाट बिशेष प्राथमिकता दिईने छ ।

ङ) यस नगरपालिकामा प्रख्यात रहेको गढीमाई मन्दिर व्यवस्थित बनाउन मास्टर प्लान (Master Plan) तयार गरी आवश्यक पुर्वाधार बिकास गरी धार्मिक तथा पर्यटकिय स्थलको रुपमा बिकास गरिनेछ ।

च) नेपाल सरकारद्धारा जारी भुकम्प प्रतिरोधात्मक भवन आचार संहिता र मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ । साथै निर्माण कार्यमा संलग्न सिकर्मि, डकर्मिहरुलाई उचित सिप तथा तालिम प्रदान गरी तालिम प्राप्त सिकर्मि, डकर्मिबाट मात्र भवन निर्माण कार्य गर्ने गराउने व्यवस्था कार्यान्वयनमा ल्याईनेछ ।

## २) सामाजिक बिकास तथा गरीबि न्युनिकरण सम्बन्धि नीति

क) आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका दलित, आदिबासी, जनजाती, मुस्लीम, पिछडा बर्ग, एकल महिला, लोपोन्मुख जातजातिको जिवन स्तरमा सुधार ल्याउन नगरस्तरीय सहकारी/कोष गठन गरीनेछ जसमा बिपन्न बर्गद्धारा गठित सहकारी तथा वडा नागरीक सचेतना केन्द्रलाई सहकारी गठन तथा समुह बनाई गरिबि निबारण अभियानमा परिचालन गरिनेछ । यस कार्यको लागी यसै आ.व. मा रु. ५०,००,०००।०० (अक्षरुपी रु. पचास लाख) बिनियोजन गरेको छु । साथै कम्तिमा पाँच बर्षसम्म सो सहकारी/कोषमा रु. ५०,००,०००।०० (अक्षरुपी रु पचास लाख) थप गर्दै लगिनेछ ।

ख) यस नगर क्षेत्रभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थाहरु (व्यवसायीक बिद्यालय, प्रा.बि., मा.बि., नि.मा.बि, उच्च मा.बि.) को भौतिक पुर्वाधारहरुको बिकासको लागी बिशेष जोड दिईनेछ साथै यस कार्यको लागी रु. २०,००,०००।०० (अक्षरुपी रु. बिस लाख) बिनियोजन गरेको छु ।

ग) दलित, मुस्लिम, लोपोन्मुखहरुको शिक्षामा पहुँच बिस्तार गर्न छात्रबृत्ति लगायत बिविध कार्यहरुको लागी रु. ५,००,०००।०० (अक्षरुपी रु. पाँच लाख) बिनियोजन गरेको छु ।

घ) दलित बिपन्न आठ कक्षा भन्दा माथि अध्ययनरत पचासजना छात्राहरुलाई साईकल उपलब्ध गराई शिक्षामा पहुच बिस्तार गरिनेछ । यसका लागि रु. ३,००,०००।०० (अक्षरुपी रु. तिन लाख) बिनियोनज गरेको छु ।

ङ) यस नगरक्षेत्र भित्र रहेका अपाङ्गहरुको शिक्षामा पहुच बिस्तार गर्न बिशेष जोड दिईनेछ तथा अपाङ्गसंघको भवन निर्माणको लागी बिशेष प्राथमिकता दिईनछ ।

च) जेष्ठ नागरीक लगायत एकल महिला, बिधुवा हरुले पाउने सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गर्न बैङ्किक प्रणालि बाट बितरण गर्ने निति लिईनुको साथै बितेको बर्ष उपलव्ध गराउन नसकेको सामाजिक सुरक्षा भत्तालाई यसै बर्षको दोस्रो चौमासिक संगै बाड्न बिशेष पहल गरिनेछ । साथै नगर क्षेत्रमा रहेका जेष्ठ नागरिक आश्रमको भौतिक पूर्वाधार बिकासलाई बिशेष प्राथमिकता दिईनेछ ।

छ) यस नगरक्षेत्रमा सञ्चालनमा रहेका प्राथमिक स्वास्थ्य केन्द्र लगायतका स्वास्थ्य चौकि, उप स्वास्थ्य चौकिहरुको भौतिक पुर्वाधार लगायतका सुधारका लागी बिशेष जोड दिईनेछ । यस कार्यका लागी रु. ८,००,०००।०० (अक्षरुपी रु. आठ लाख) बिनियोजन गरेको छु ।

ज) महिला, बालबालिकाहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउन उल्लेखित योगदान पुर्‍याउनु भएका महिला स्वास्थ्य स्वंयम सेविकाहरुको यो नगर परिषद उच्च सम्मान गर्दछ । उहाँहरुलाई अहिलेसम्म नगरपालिकाबाट कुनै खास सुबिधा उपलब्ध गराउन सकिएको छैन । २०७२ माघ देखि प्रत्येक महिना रु. ४०० (अक्षरुपी रु. चारसय) का दरले यातायात खर्च उपलब्ध गराईने छ । यस कार्यका आवश्यक बजेट बिनियोजन गरेको छु ।

झ) यस नगरपालिकालाई दलितमैत्रि, महिलामैत्रि, बाताबरणमैत्रि तथा अपाङ्गमैत्रि नगर बनाउन अध्ययन गरि बिशेष कार्यक्रम बनाईनेछ ।

## ३) बाताबरण प्रर्वधन तथा सरसफाइ संम्बन्धि

क) नगरपालिकाको सरसफाई अवस्थामा सुधार ल्याउन थप पहल गरिनेछ । डसबिन बितरण साथै सरसफाई कार्यक्रमलाई सार्वजनिक, निजि साझेदारिको अवधारणमा छातापिपरा, सिमरा, पथलैयासम्म बिस्तार गरिनेछ ।

ख) फोहोर व्यवस्थापनको लागी जग्गा (Landfill Site) खोज्ने कार्यलाई अगाडि बढाईनेछ साथै जैबिक अजैबिक फोहोर छुट्याई मल बनाउने बिधि प्रक्रिया बारे प्रचारप्रसार गरिनेछ । प्लाष्टिक नियन्त्रणका लागी बिशेष तयारीहरु गरी आगामी दुई बर्ष भित्र प्लाष्टिकमुक्त क्षेत्र घोषणा गरीने निर्णय नीति लिईनेछ ।

ग) यस नगरक्षेत्रलाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिदैं बिपन्न दलित बर्गहरुलाई केहि आर्थिक सहयोग गरिनेछ तथा आर्थिक स्थिति राम्रो हुनेहरुलाई सामाजिक दबाबका माध्यमबाट शौचालय निर्माण गर्न लगाउने नीति लिईनेछ ।

घ) बाताबरण प्रर्वधन गर्न तथा एलानी प्रती जग्गाहरुको संरक्षणको लागी पोखरीहरु निर्माण गर्ने, तारजालि तथा बृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गरीनुका साथै बजार, सडक छेउहरुमा पनि बृक्षारोपण कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ सन्चालनमा ल्याईनेछ ।

## ४) राजश्व बृद्धि तथा राजश्व प्रशासन सुधार नीति

क) यस नगरपालिकाको आयआर्जन बढाउनका लागी आगामी ०७२।७३ श्रावण देखि लागु हुने गरी एकिकृत सम्पति कर लागु गरिनेछ ।

ख) पुराना घर नक्सा पासका लागी आगामि २०७२ बैशाख मसान्त सम्म लाग्ने शुल्कमा ३० प्रतिशत छुट दिईनेछ । २०७२ जेष्ठ देखि अषाढ मसान्त सम्म १५ प्रतिशत छुट दिईनेछ । र २०७२ श्रावण देखि असोज मसान्त सम्मको लागी यथावत शुल्क दस्तुरमै नक्सा पास गरिनेछ । २०७२ कार्तिक देखि चैत मसान्तसम्मको लागी २५ प्रतिशत थप जरीवाना लिई नक्सा पास गरिनेछ भने त्यसपछि ५० प्रतिशत थप जरिवाना लिई मात्र नक्सा पास गरिनेछ ।

ग) यस नगरपालिकाको राजस्व संकलन बृद्धिका लागी राजनैतिक दल लगायत सरोकारवाला संग सल्लाह र साझेदारी गरिनेछ । आवश्यक अध्ययनका कार्यहरु अगाडि बढाईनेछ ।

## ५) संस्थागत क्षमता बृदि तथा सेवा प्रभाव सुधार सम्बन्धि नीति

क) यसै ०७२/७३ श्रावण देखि संयुक्त वडा कार्यालय सिमरा, डुमरवानाबाट पनी एकिकृत सम्पती कर बुझाउने व्यवस्था सुरु गर्नुका साथै अन्य संयुक्त वडा कार्यालयहरुसम्म बिस्तार गरिनेछ ।

ख) संयुक्त वडा कार्यालयलाई थप स्रोतसाधन सम्मन्न बनाईनेछ । कम्प्युटरकृत सेवा प्रवाहको व्यवस्था मिलाईनेछ ।

ग) यस नगरपालिकाका कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा पुरस्कृत र दण्डित गरीने निति लिईनेछ । कर्मचारी उत्प्रेरणा तथा प्रोत्साहनका लागी आधुनिक औजारको रुपमा रहेको कार्यसम्पादनका आधारमा तलब प्रणाली लागु गरीनेछ । जसका लागी कार्यसम्पादन सुचकका आधारमा न्युनतम शुन्य देखि अधिकतम २० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निति लिईनेछ ।